## पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम सञ्चालन निर्देशिका – २०६८

**(दोश्रो संशोधन २०७०)**

नेपालमा दुध आधारित उद्योगको वृद्धि हुदै जानुको साथै दुध, तथा दुग्धजन्य पदार्थको उपभोगमा समेत वृद्धि भै माग अनुसारको आपूर्ति हुन नसकेकोले दुध तथा मासुको उत्पादकत्वमा वृद्धि गर्न पशुको नश्ल सुधार गर्न कृत्रिम गर्भाधान गराउने कार्यलाई सार्वजनिक/नीजि/साझेदारीको माध्यमबाट राष्ट्रिय अभियानको रुपमा सञ्चालन गर्न आवश्यक भएकोले नेपाल सरकारले आ.व. ०६८/०६९ को वजेट बक्तव्य मार्फत घोषणा गरेको पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम सञ्चालन गर्न देहायका निर्देशिका जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०६८" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकार कृषि विकास मन्त्रालयबाट स्विकृत भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "निर्देशिका" भन्नाले "पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०६८" सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम सम्झनुपर्छ।

(ग) "सेवा" भन्नाले कृत्रिम गर्भाधान सेवा सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ८ वमोजिम गठित केन्द्रिय पशु नश्ल सुधार समन्वय समिति सम्झनु पर्छ।

(ङ) "कोष" भन्नाले कार्यक्रम सञ्चालनको लागि स्थापना गरिएको सामुदायिक पशु प्रजनन कोष सम्झनु पर्छ।

(च) "केन्द्र" भन्नाले सामुदायिक पशु प्रजनन केन्द्र सम्झनु पर्छ।

३. **उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय वमोजिम रहेका छन्

(क) गाई तथा भैसीमा पशु प्रजननसेवा द्वारा वर्णशंकर बाच्छा बाच्छी तथा पाडा पाडी उत्पादन गरि स्वदेशमा नै उन्नत जातका पशुको आपुर्ति बृद्धि गर्ने।

(ख) सेवा विस्तार गरी दुध तथा मासुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने।

(ग) राष्ट्रिय पशु प्रजनन केन्द्र, पशु प्रजनन कार्यालयहरु तथा संलग्न निकायहरुको क्षमता अभिबृद्धि गरी दिगो सेवा प्रदान गर्ने।

४. **रणनीतिः** दफा ३ वमोजिमको उद्देश्य प्राप्तिको लागि देहायको रणनीति अपनाईने छः

(क) समुदायमा आधारित दुध उत्पादक सहकारी संस्था, स्थानीय निकाय तथा सरोकारवाला अन्य संघ/संस्थाहरु मार्फत सामुदायिक रुपमा पशु प्रजनन केन्द्रहरु स्थापना गरी सेवा विस्तार गर्ने,

(ख) सेवा विस्तारका लागि राष्ट्रिय पशु प्रजनन केन्द्र, पशु प्रजनन कार्यालय तथा संलग्न निकायहरुको पनि क्षमता अभिबृद्धि गरी आवश्यक तरल नाइट्रोजन र जमेको विर्यको उत्पादन तथा आपुर्ति बढाइने,

(ग) कार्यक्रम सञ्चालनको लागि सामुदायिक पशु प्रजनन कोष स्थापना गर्ने,

(घ) सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रमा नश्ल सुधारमा संलग्न प्राविधिक जनशक्तिको दक्षता अभिबृद्धि गरी स्तरीय सेवा उपलब्ध गराइने ।

(ङ.) पशु नश्ल सुधार सम्वन्धि अन्य नयाँ प्रविधिहरुको विकास तथा विस्तार गर्ने

(च) गाई तथा भैसीमा पशु प्रजननसेवा द्वारा वर्णशंकर बाच्छा बाच्छी तथा पाडा पाडी उत्पादन गरि स्वदेशमा नै उन्नत जातका गाई भैंसी श्रोत बिकास केन्द्र स्थापना गरी आपुर्तिको ब्यबस्था  गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सम्वन्धी

५. **कार्यक्रमको अवधि:** (१) कार्यक्रमको अबधि ५ वर्ष (आ.व. २०६८/०६९ देखि २०७३/७४ सम्म) हुनेछ ।

(२) पहिलो चरणको कार्यक्रमको प्रभावकारिताको आधारमा सेवाको अवधि विस्तार गर्न सकिनेछ ।

६. **कार्यक्रम लागु हुने:** (१) पहिलो चरणको लागि सेवा संचालन भईरहेका पाँच विकास क्षेत्रका २५ जिल्लाहरुमा  यो कार्यक्रम लागु गरिनेछ ।

(२) उपदफा (१) वमोजिमका प्रत्येक जिल्ला भित्र कम्तीमा ८ वटाको दरले पहिलो चरणमा २५० स्थानमा सामुदायिक पशु प्रजनन केन्द्रहरुको विस्तार गरिनेछ ।

(३) पशु प्रजनन केन्द्रहरु नभएको गा.वि.स. हरुमा पशु सेवा विभाग तथा निजी क्षेत्र संगको सहकार्यमा सामुदायिक पशु प्रजनन केन्द्र स्थापना गरिनेछ ।

(४) उपदफा (३) वमोजिम स्थापना गरिने सामुदायिक पशु प्रजनन केन्द्रहरु सम्वन्धित गा.वि.स. मा रहेका दुग्ध उत्पादक सहकारी संस्था, सामुदायिक वन उपभोक्ता समिती, कृषि सहकारी संस्था, स्थानीय गैर सरकारी संस्था, स्थानीय निकाय, कृषक समुह/समितीको सहकार्यमा संचालन गरिनेछ ।

(५) यस दफा वमोजिम विभिन्न चरणमा कार्यक्रम संचालन गरिने जिल्ला तथा स्थानहरु अनुसुचि १ मा तोकिए वमोजिम हुनेछ ।

७. **जिल्ला छनौट गर्ने आधार**: दफा ६ को प्रयोजनाको लागि जिल्लाको छनौट देहायको आधारमा गरिनेछ

(क) दुधालु स्थानीय नश्लका गाई भैसी पर्याप्त संख्यामा रहेका,

(ख) कार्यक्रम संचालन हुने स्थानहरुमा सडक, बाटो र विजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको,

(ग) हालसम्म कार्यक्रम सफलतापुर्वक संचालन भैरहेको जिल्लाहरु ।

(घ) दुध तथा दुग्धजन्य पदार्थहरुको बिक्रि वितरणको लागि बजारको पहुँच भएको,

(ङ) सरकारी, निजी तथा सहकारी दुग्ध उद्योग तथा चिस्यान केन्द्रहरु संचालन रहेका स्थान,

(च) सम्वन्धित जिल्लामा दुध उत्पादन पकेट क्षेत्र निर्धारण भएको र दुध उत्पादन बृद्धि गर्ने पर्याप्त सम्भावना रहेको ।

(छ) कार्यक्रम लागू हुनका लागी पहाडमा कम्तिमा २००० र तराईमा ५००० कृत्रिम गर्भाधान भएको हुनुपर्ने । १००० भन्दा बढी कृ.ग.प्रगति भै सकेका वा २००० कृ.ग. प्रगति गर्न सक्ने प्रतिबद्धता गर्ने जिल्लाहरुको हकमा केन्द्रिय पशु नश्ल सुधार समन्वय समितिको स्वीकृतिमा कार्यक्रम लागु गर्न सक्ने छ ।

**८. केन्द्रिय पशु नश्ल सुधार समन्वय समितिः**

(१) कार्यक्रमको नीतिगत व्यवस्था गर्न देहाय वमोजिमको पदाधिकारी रहेको केन्द्रिय पशु नश्ल सुधार समन्वय समिति रहनेछः

| | |
|---|---|
| (क) महानिर्देशक, पशु सेवा विभाग | संयोजक |
| (ख) कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | सह-संयोजक |
| (ग) कार्यक्रम निर्देशक, पशु स्वास्थ्य निर्देशनालय | सदस्य |
| (घ) कार्यक्रम निर्देशक, पशु सेवा तालीम तथा प्रसार निर्देशनालय | सदस्य |
| (ङ) कार्यक्रम निर्देशक, पशु पंछी बजार प्रवर्द्धन निर्देशनालय | सदस्य |
| (च) प्रमुख, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | सदस्य |
| (छ) प्रतिनिधी, अनुगमन महाशाखा, कृषि विकास मंन्त्रालय | सदस्य |
| (ज) प्रतिनिधी, अनुगमन तथा मुल्यांकन शाखा, पशु सेवा विभाग | सदस्य |
| (झ) प्रमुख, केन्द्रीय गाई भैसी प्रवर्द्धन कार्यालय | सदस्य |
| (ञ) प्रमुख, नेपाल कृषि अनुसन्धान परिषद, पशु प्रजनन महाशाखा | सदस्य |
| (ट) कार्यक्रम फोकल अधिकृत, पशु उत्पादन निर्देशनालय | सदस्य |
| (ठ) लाइभस्टक विशेषज्ञ, दुग्ध विकास बोर्ड | सदस्य |
| (ड) प्रमुख प्राविधिक अधिकृत, दुग्ध विकास संस्थान | सदस्य |
| (ढ) अध्यक्ष, केन्द्रीय दुग्ध सहकारी संघ | सदस्य |
| (ण) प्रतिनिधी (विभागले तोकेको) डेरी उद्यमीहरु मध्येबाट | सदस्य |
| (त) अध्यक्ष, नेपाल पाराभेटेरीनरी एण्ड लाइभस्टक एसोसिएसन | सदस्य |
| (थ) प्रमुख, राष्ट्रिय पशु प्रजनन केन्द्र | सदस्य-सचिव |

(२) उपदफा (१) वमोजिमको समितिको वैठक आवश्यकतानुसार वस्नेछ ।

(३) उपदफा (२) वमोजिम समितिको वैठकमा सम्वन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**९. समितिको काम, कर्तव्य तथा अधिकारः** समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम छन्:

(क) कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने श्रोतको व्यवस्था गर्ने,

(ख) कार्यक्रमलाई सफल पार्न विभिन्न निकायहरु वीच समन्वय गरी सेवा प्रवाहमा सहजता प्रदान गर्ने,

(ग) कार्यक्रमको आवधिक रुपमा अनुगमन तथा समीक्षा गरी आवश्यक पृष्ठपोषण दिने,

(घ)  कार्यक्रमको लागि आवश्यक अन्य काम गर्ने, गराउने ।

## परिच्छेद ३
## सेवा सञ्चालन सम्वन्धी

**१०. सेवा सञ्चालन प्रक्रियाः**

(१) यस कार्यक्रम वमोजिमको सेवा सञ्चालन गर्ने प्रकृया देहाय वमोजिम हुनेछः

(क)स्थानीय गाई, भैसीको वाहुल्यता भएको गा.वि.स.हरुलाई पकेट क्षेत्रको रुपमा छनौट गर्ने,

(ख) पशु सेवा कार्यालयसंग सम्बन्धित कार्यक्रम संचालन गर्न इच्छुक स्थानीय निकाय, गैर सरकारी संस्था, दुग्ध उत्पादक तथा अन्य सहकारी संस्था, बन उपभोक्ता समुह, दुग्ध चिस्यान केन्द्रहरु, पशुपालन समुह/समितिको छनौट गरी सामुदायिक पशु प्रजनन केन्द्रको स्थापना गर्ने,

(ग) खण्ड (ख) वमोजिम छनौट भएका निकायसंग सेवा संचालन गर्न आवश्यक सम्झौता गरी सेवा सञ्चालन गर्ने,

(घ) जिल्ला पशु सेवा कार्यालयबाट अनुसुचि ५ मा तोकिए वमोजिम एककालिक कृत्रिम गर्भाधान कार्यक्रम तथा अनुसुची ६ मा तोकिए वमोजिम घुम्ती कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्ने ।

(२)  सेवा सञ्चालन सम्वन्धी अन्य प्रकृया अनुसुचि ३ मा तोके वमोजिम हुनेछ ।

**११. जिल्ला पशु नश्ल सुधार समन्वय समितिः**

(१) सेवा सञ्चालनलाई प्रभावकारि बनाउन देहाय वमोजिमको जिल्ला पशु नश्ल सुधार समन्वय समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला पशु सेवा कार्यालय | संयोजक |
| (ख) जिल्ला पशु सेवा कार्यालयका सम्वन्धित अधिकृत | सह–संयोजक |
| (ग) प्रतिनिधी, जिल्ला विकास समिति | सदस्य |
| (घ) अध्यक्ष, जिल्ला दुग्ध सहकारी संघ/संस्था | सदस्य |
| (ङ) प्रतिनिधी, दुग्ध विकास सस्धान/निजी डेरी उद्यमी | सदस्य |
| (च) प्रतिनिधी, निजी कृत्रिम गर्भाधान कर्ता | सदस्य |
| (छ) जिल्ला पशु सेवा कार्यालयका सम्वन्धित प्राविधिक | सदस्य सचिव |

(२) उपदफा (१) वमोजिमको समितिले आवश्यकतानुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैंठक आवश्यकता अनुसार बस्नेछ ।

**१२. जिल्ला पशु नश्ल सुधार समन्वय समितिको काम, कर्तव्य तथा अधिकारः**

(क) सामुदायीक पशु प्रजनन केन्द्र स्थापनाको लागि उपयुक्त सहकार्य संस्था छनौंट गर्ने ।

(ख) सामुदायीक पशु प्रजनन केन्द्र सन्चालन गर्ने संस्थाहरुसंग अनुसूची ७ र ८ बमोजिम सम्झौता ।

(ग) जिल्लामा स्थापित सामुदायिक पशु प्रजनन केन्द्रहरुको स्थलगत अनुगमन गर्ने,

(घ) स्थानीय निकायहरु संग समन्वय गरी सामुदायिक पशु प्रजनन कोषमा आर्थिक सहयोग जुटाउन पहल गर्ने,

(ङ.) कार्य प्रगतिको समय समयमा समिक्षा गरी सुधार गर्ने । साथै कार्यरत सरकारी, नीजी तथा सामुदायिक कृत्रिम गर्भाधानकर्ताहरुको आपसी समन्वय तथा कार्यक्रम सुधारको लागि कम्तीमा बर्षको १ पटक अर्न्तक्रिया गर्ने र सो को जानकारी क्षेत्रिय राष्ट्रीय पशु प्रजनन केन्द्र, पशु उत्पादन निर्देशनालय एबम् पशु सेवा बिभागलाई दिने ।

(च) उन्नत पशुको संख्या बृद्धि हुदैं जांदा गाई तथा भैंसीपालनमा देखिने प्रजननका बिकृति, बांझोपन निबारण , अनुत्पादक पशुहरुको उपचार तथा पुर्नत्पादक बनाउनका लागि बिज्ञको ब्यबस्था गरी गोठ देखि गोठ सम्म (Door to Door) कार्यक्रम संचालन गर्ने ,

१३. **<u>सामुदायिक पशु प्रजनन कोषको स्थापनाः</u>** (१) सामुदायिक पशु प्रजनन केन्द्रहरुको दिगो संचालनको लागि प्रत्येक केन्द्रमा "सामुदायिक पशु प्रजनन कोष" नामको एक कोषको स्थापना गरिने छ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहाय वमोजिमको रकम जम्मा हुनेछः

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) सामुदायीक पशु प्रजनन केन्द्र रहेको सम्बन्धित गा.वि.स. बाट प्राप्त हुने रकम,

(ग) दुग्ध उत्पादक सहकारी संस्था/वन उपभोक्ता समुह, स्थानीय निकाय तथा सरोकारवाला अन्य संघ/संस्थाहरुबाट प्राप्त गर्ने रकम,

(घ) स्वदेशी तथा विदेशी, सरकारी तथा गैह्र सरकारी दातृ निकायहरुबाट प्राप्त हुने रकम,

(ङ) सम्बन्धित सामुदायीक पशु प्रजनन समितिका सदस्यहरु/उपभोक्ता कृषक समूह/समिति बाट संकलन हुने रकम,

(च) कोषको लागि अन्य निकायहरुबाट प्राप्त हुने रकम,

(छ) उन्नत जातका पशुहरुमा कृत्रिम गर्भाधान शुल्कबाट प्राप्त हुने २० प्रतिशत रकम

(ज) कोषको रकमबाट आम्दानी भएको व्याज रकम

(झ) अन्य सम्भावित श्रोतहरु

(३) स्थानिय स्तरमा सेवा संचालन गर्न तथा दफा १३ को उपदफा १ बमोजिमको कोष परिचालन गर्न देहाय अनुसारको सामुदायिक पशु प्रजनन केन्द्र संचालक समिति रहने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष/सचिव/कोषाध्यक्ष, सहकार्य गर्ने संस्था | संयोजक |
| (ख) प्रतिनिधी, स्थानिय निकाय | सदस्य |
| (ग) प्रमुख, संवन्धित पशु सेवा/उपकेन्द्र | सदस्य |
| (घ) प्रतिनिधी, कृषक समुह/समिति/सहकारी | सदस्य |
| (ङ) कृत्रिम गर्भाधान कर्ता | सदस्य सचिव |

(४) उपदफा ३ बमोजिम गठित सामुदायिक पशु प्रजनन कोन्द्र संचालक समितिको काम, कर्तव्य तथा अधिकारः

(क) सामुदायीक पशु प्रजनन केन्द्र सन्चालन गर्न अनुसूची ८ बमोजिम सम्झौता गर्ने ।

(ख) सम्झौता अनुसार सामुदायिक पशु प्रजनन केन्द्र स्थापना गरी सेवा संचालन गर्ने

(ग) स्थानीय निकायहरु संग समन्वय गरी सामुदायिक पशु प्रजनन कोषमा आर्थिक सहयोग जुटाउन पहल गर्ने,

(घ) सेवा प्रदान गरिएका तथा आवस्थकता अनुसार सम्पूर्ण अभिलेख व्यवस्थापन गर्ने ।

(ङ) सेवा वापत शुल्क तथा कृत्रिम गर्भाधान कर्ताको पारिश्रमिक निर्धारण गर्ने ।

(च) कार्य प्रगति जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

(छ) जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्र, उपकेन्द्र/सम्वन्धित निकायले तोकेको अन्य कार्य गर्ने ।

१४. **कोषको सञ्चालनः** (१) दफा १३ बमोजिम स्थापना भएको कोषको सन्चालन देहाय अनुसार हुनेछ ।

(२) दफा १४ वमोजिमको कोषमाजम्मा हुन आएको रकम नजिकको बैंङ्कमा सम्वन्धित सामुदायिक पशु प्रजनन केन्द्र सञ्चालन गर्ने निकायका अध्यक्ष वा सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जनाको र सम्वन्धित पशु सेवा केन्द्र/उपकेन्द्र प्रमुखको संयुक्त हस्ताक्षरबाट सन्चालन हुने कोषको चल्ती खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) कोषको रकम सम्वन्धित संस्थाको निर्णयानुसार देहायको प्रयोजनको लागि खर्च गरिनेछ ।

(क) स्थानीय गाई वा भैसीमा कृत्रिम गर्भाधान गर्दा लाग्ने सिमेन स्ट्र वापत कृषकले वुझाउन पर्ने सेवा शुल्क,

(ख) स्थानीय गाई वा भैसीमा कृत्रिम गर्भाधान सेवा प्रदान गर्दा सेवा प्रदायकलाई समितिको निर्णयानुसार प्रदान गर्नु पर्ने सेवा शुल्क,

(ग) स्थानिय गाई वा भैसीमा कृत्रिम गर्भाधान सेवा गराए वापत कृषकहरुलाई प्रोत्साहनस्वरुप एकसय रुपैया सम्म वरावरको घाँसको वीउ तथा युरिया मिनरल मोलासेस व्लक वा नगद प्रदान गर्न,

(घ) कृषकहरुको गाई भैसीहरुमा आवश्यकतानुसार गोठ व्यवस्थापन, ड्रेन्चिङ्ग, भ्याक्सीनेसन, अनुत्पादक तथा बाझोपन निवारण परामर्श सेवा, टीट डिपिङ्ग, साईलेज फिडिङ्ग, ईब्रिडीङ्ग न्यूनीकरण, घरगोठ कार्यक्रम आदि जस्ता कार्यहरु गराउन ।

१५. **कोषको लेखा परिक्षणः** यस निर्देशिका वमोजिम स्थापना तथा सञ्चालन भएको कोषको लेखा परिक्षण प्रचलित कानून वमोजिम हुनेछ ।

१६. **सेवा शुल्क नलाग्नेः** यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी कार्यालय तथा निकायबाट सेवा प्रदान गर्दा सेवा प्रदायकले कुनै पनि प्रकारको सेवा शुल्क लिन पाउने छैन ।

१७. **अनुगमन तथा मुल्याकंनः** कार्यक्रमको सञ्चालन एवं प्रभावकारिताको वारेमा क्षेत्रीय पशु सेवा निर्देशनालय, जिल्ला पशु सेवा कार्यालय, राष्टिय पशु प्रजनन केन्द्र, पशु उत्पादन निर्देशनालय समेतले आपसी समन्वय गरी आवधिकरुपमा सेवा सञ्चालनको अनुगमन गरी सो को प्रतिवेदन पशु उत्पादन निर्देशनालय र पशु सेवा विभागमा पेश गर्नु पर्नेछ ।

१८ **कार्यक्रममा संलग्न निकायहरुको भूमिकाः** कार्यक्रम सञ्चालनको क्रममा संलग्न विभिन्न निकायहरुको भूमिका तथा दायित्व अनुसुचि २ मा उल्लेख गरिएको छ र त्यस्तो दायित्व पूरा गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ ।

**१९. <u>तालिम तथा गोष्ठीको सञ्चालन:</u>** स्विकृत वार्षिक कार्यक्रम अनुसार केन्द्रिय, जिल्ला र गाउँ वा नगर स्तरिय गोष्ठी वा तालिममा पेश हुने कार्यपत्र र गोष्ठीको लागि आवश्यक वजेट तथा भौतिक सामाग्रीको व्यवस्था नेपाल सरकारको स्वीकृत मापदण्ड वमोजिम हुनेछ ।

**२०. <u>निर्देशिकाको व्याख्या:</u>** कार्यक्रम कार्यान्वयनको सिलसिलामा यस निर्देशिकाको कुनै प्रावधानले कुनै वाधा अडचन आएमा वा निर्देशिकाले स्पष्ट रुपमा व्यवस्था नगरेमा त्यसको व्याख्या गर्ने तथा स्पष्ट गर्ने अधिकार केन्द्रिय समितिमा निहित रहनेछ ।

**२१. <u>अनुसुचिमा संशोधन:</u>** निर्देशिको अनुसुचिको हेरफेर तथा संशोधन समितिले गर्नेछ ।

## अनुसुचि १

(दफा ६ संग सम्वन्धित)

### कार्यक्रम संचालन गरिने जिल्लाहरु

१. प्रथम चरण (आ.व. २०६८/०६९)

(क) पूर्वाञ्चल-झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा,

(ख) मध्यमाञ्चल- धनुषा, महोत्तरी, सर्लाही, बारा, मकवानपुर, चितवन, नुवाकोट , काठमाण्डौ, काभ्रे, रामेछाप

(ग) पश्चिमाञ्चल- नवलपरासी, रुपन्देही, कपिलबस्तु, तनहूँ, कास्की

(घ) मध्यपश्चिमाञ्चल- बाँके, बर्दिया, दाङ्ग,

(ङ) सुदुरपश्चिमाञ्चल- कैलाली, कंचनपुर

२. दोस्रो चरण (आ.व. २०६९/०७०)

(क) पूर्वाञ्चल - इलाम ।

(ख) मध्यमाञ्चल- धादिङ्ग, रौतहट, सिन्धुली, पर्सा, ललितपुर, भक्तपुर ।

(ग) पश्चिमाञ्चल - पाल्पा बागलुङ्ग ।

(घ) मध्यपश्चिमाञ्चल- सुर्खेत ।

३. तेस्रो चरण (आ.व. २०७०/०७१) जिल्लाहरुको छनौट समितिले गर्नेछ ।

(क) पुर्बांचल - धनकुटा र उदयपुर

(ख) पश्चिमाचंल - स्यांगजा, अर्घाखांची र गोरखा

## अनुसुचि २

### कार्यक्रम सञ्चालनको सम्वन्धमा विभिन्न निकायको भूमिका तथा दायित्व

**१. कार्यक्रम संचालक सहकार्य संस्थाको जिम्मेवारी:**

१. जिल्ला पशु सेवा कार्यालयसंग भएको सम्झौता अनुरुप कार्यक्रम संचालन गर्ने ।

२. बाह्रै महिना मोटर पुग्ने र पायक पर्ने ठाँउमा सामुदायिक पशु प्रजनन केन्द्र स्थापना तथा उपलब्ध गराइएको नाप, नक्शा, र डिजाइन अनुसार ट्रेभिज निर्माण गर्ने ।

३. सामुदायिक पशु प्रजनन केन्द्रको साइनबोर्ड सवैले देख्ने गरी राख्ने ।

४. सम्भव भए सम्म कृत्रिम गर्भाधान तथा पशु प्रजनन तालिम लिई लाइसेन्स प्राप्त अथवा न्युनतम पशु पालन विषयमा जे.टी.ए. उपाधि हासिल गरेका प्राविधिकको व्यवस्था गर्ने ।
५. सम्बन्धित गा.वि.स. तथा त्यसको वरिपरि खुल्ला छाडिएका प्रजनन गर्न सक्ने भालेको बन्ध्याकरणको लागि सम्बन्धित व्यक्ति तथा संस्थासंग समन्वय गरी सम्वन्धित प्रजनन (Inbreeding) न्युनीकरण गर्ने तर्फ आवश्यक पहल गर्ने ।
६. जिल्ला पशु सेवा कार्यालयसंग समन्वय गरी “सामुदायिक पशु प्रजनन कोषको” स्थापना गर्ने ।
७. सामुदायिक पशु प्रजनन कोषमा आर्थिक सहयोग जुटाउन विभिन्न निकायसंग समन्वय गर्ने ।
८. आफ्नो इलाकाको पशु सेवा केन्द्र/उपकेन्द्रसंग नियमित सम्पर्क एवं समन्वयमा रहने ।
९. कृषकहरुलाई स्थानीय नश्लको गाई/भैसीलाई कृत्रिम गर्भाधान सेवा लिन प्रोत्साहित गर्ने ।
१०. स्थापित सामुदायिक पशु प्रजनन केन्द्रहरुमा स्थानीय नश्लको गाई/भैसीलाई कृत्रिम गर्भाधान गराउदा लाग्ने दस्तुर रु २५/- तथा अन्य प्रोत्साहन प्याकेजहरु (युरीया मोलासेस मिनरल ब्लक, घाँसको वीउ, मिनरल मिक्सचर आदी) सम्वन्धित सामुदायिक पशु प्रजनन कोषबाट प्रदान गर्ने आवश्यक ब्यवस्था गर्ने ।
११. अनिवार्य रुपमा गाई/भैसीको कृत्रिम गर्भाधान तथा को दैनिक अभिलेख रजिष्टरमा व्यवस्थित गरी राख्ने र सो को गर्भ परिक्षण पश्चातको अवस्था समेत अभिलेख राख्ने ।
१२. मासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरि सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्र मार्फत वा प्राविधिकले आफै जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

## २ पशु सेवा केन्द्र/उप-केन्द्रको जिम्मेवारी:

१. आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका सामुदायिक पशु प्रजनन केन्द्र तथा निजी पाराभेट, पशु प्रजनन केन्द्रहरुको नियमित निरिक्षण, अनुगमन गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
२. कार्यक्रम संचालन गर्न कुनै किसिमको अप्ठयारो आइपरे वा कुनै सल्लाह सुझाव भए जिल्ला पशु सेवा कार्यालयलाई समय मै खवर गर्ने ।
३. घुम्ती पशु प्रजनन कार्यक्रम संचालन गर्न जिल्ला पशु सेवा कार्यालयलाई घुम्ती रुट तय गर्न आवश्यक सल्लाह सुझाव दिने ।
४. एककालिक कृत्रिम गर्भाधान कार्यक्रममा सहभागी भई कार्यक्रम सम्पन्न गर्न स्थानीय स्तरमा सम्वन्धित सरोकारवालाहरुसंग सम्वन्ध स्थापित गर्ने ।
५. सामुदायिक तथा निजि पशु प्रजनन केन्द्रहरुवाट मासिक प्रगति संकलन गरी प्रत्येक महिनाको मसान्त भन्दा २ दिन पहिले प्राप्त हुने गरी सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

## ३. जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी:

१. सामुदायिक पशु प्रजनन केन्द्र स्थापना हुन सक्ने सम्भावित गा.वि.स.हरुका सरोकारवालाहरु तथा जिल्ला पशु नश्ल सुधार समन्वय समितिबाट सामुदायिक पशु प्रजनन केन्द्र संचालकको छनौट गर्ने ।
२. सहकार्यको लागि छानिएका संस्थाको अनुसुची ७ को फरमेटमा विवरणहरु सहित स्थलगत निरिक्षण तथा कार्यक्रम संचालन सम्वन्धी छलफल गर्ने ।
३. सहकार्य गर्ने संस्थासंग सामुदायिक पशु प्रजनन केन्द्रमा सेवा संचालन गर्न (अनुसुची ८ अनुसार) सम्झौता गर्ने ।
४. ट्रेभिज निर्माण (अनुसुची ४) कार्यको प्राविधिक मापदण्ड अनुसार निरिक्षण अवलोकन गर्ने ।
५. कृत्रिम गर्भाधान मेशीन औजार तथा कृत्रिम गर्भाधान सामाग्रीहरु सम्वन्धित केन्द्रहरुलाई समयमानै उपलब्ध गराउने ।

६. सहकार्य गर्ने संस्थासंग समन्वय गरी सामुदायिक पशु प्रजनन कोषको स्थापना गराउने ।
७. स्थानीय नश्लको गाई भैसीमा कृत्रिम गर्भाधान गरे वापत पाउने प्रोत्साहन प्याकेजहरु सम्वन्धित केन्द्रको कोषवाट वितरण गराउन आवश्यक पहल गर्ने ।
८. खुला छाडिएका प्रजननका लागि अनुपयुक्त साँढे/राँगोहरुलाई वन्ध्याकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।
९. एककालिक कृत्रिम गर्भाधान कार्यक्रम (अनुसुची ५ अनुसार) संचालन गर्ने ।
१०. घुम्ती पशु प्रजनन कार्यक्रम (अनुसुची ६ अनुसार) गर्ने गराउने ।
११. केन्द्रहरुको प्रत्येक चौमासिकमा एक पटक अनिवार्य स्थलगत अनुगमन निरिक्षण गरि प्रतिवेदन पेश गर्ने तथा समय समयमा केन्द्रहरुलाई आवश्यक सल्लाह सुझाव दिने ।
१२. स्थानीय संचार माध्यमहरुबाट जनचेतनामुलक प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।
१३. जिल्लामा संचालित सबै केन्द्रहरुको भिन्दा भिन्दै तथा एकमुष्ठ प्रगति संयोग गरि प्रत्येक महिनाको मसान्त भन्दा १ दिन पहिले सम्वन्धित क्षेत्रीय पशु सेवा निर्देशनालय तथा राष्ट्रिय पशु प्रजनन केन्द्र, पोखरामा प्राप्त हुने गरी अनिवार्य रुपमा मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने ।

## ४. पशु प्रजनन कार्यालयहरुको जिम्मेवारीः

१. आ-आफ्नो क्षेत्रको कृत्रिम गर्भाधान केन्द्र तथा जिल्ला पशु सेवा कार्यालयहरुलाई नियमित रुपमा तरल नाइट्रोजन र सिमेन उपलब्ध गराउने ।
२. समय समयमा आ-आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेका केन्द्रहरुको निरिक्षण अनुगमन गरी राष्ट्रिय पशु प्रजनन केन्द्रमा नियमित रुपमा प्रतिवेदन पठाउने ।
३. आफ्नो कार्यक्षेत्र अर्न्तगतका केन्द्रहरुलाई प्राविधिक सल्लाह सुझाव तथा कृत्रिम गर्भाधान सम्वन्धी अन्य परामर्श दिने ।
४. आफ्नो कार्यक्षेत्र भित्रका जिल्लाहरुमा एककालिक तथा घुम्ती कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न आवश्यक प्राविधिक सेवा प्रदान गर्ने तथा कार्यक्रम संचालन समेत गर्ने ।

## ५. राष्ट्रिय पशु प्रजनन केन्द्रको जिम्मेवारीः

१. कार्यक्रमको प्रमुख संयोजकको रुपमा काम गर्ने ।
२. कार्यक्रम सफल पार्न आवश्यक पर्ने कृत्रिम गर्भाधान सामाग्रीहरु सम्वन्धित जिल्ला तथा केन्द्रहरुलाई उपलब्ध गराउने ।
३. लक्ष्य पुरा गर्न आवश्यक मात्रामा चाहिने तरल नाइट्रोजन, सिमेन, नियमित रुपमा आपुर्ति व्यवस्था मिलाउने ।
४. सेवा प्रदायकहरुको लागि आवश्यक प्रचार सामाग्री तथा डायरी वितरण गर्ने ।
५. जनचेतना अभिवृद्धिको कार्यक्रमहरु संचालन गर्ने गराउने ।
६. आवश्यकतानुसार जिल्लाहरुलाई प्राविधिक परामर्श तथा अन्य सल्लाह सुझाव दिने ।
७. अपेक्षित उपलब्धि प्राप्तिका लागि जिल्ला पशु सेवा कार्यालय तथा केन्द्रहरुको नियमित अनुगमन, सुपरिवेक्षण गर्ने गराउने र सो को प्रतिबेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।
८. कार्यक्रम अनुसार उत्कृष्ट केन्द्र, सेवा प्रदायक, सुपरिवेक्षक, कार्यालय प्रमुखलाई पुरस्कारको लागि सिफारिश गर्ने ।
९. कृत्रिम गर्भाधान तथा पशु प्रजनन तालिमहरु संचालन गर्न पशु सेवा तालिम तथा प्रसार निर्देशनालयसंग समन्वय गर्ने ।

१०. गुणस्तरीय सिमेन उत्पादनको लागि राष्ट्रिय पशु प्रजनन केन्द्र, पोखरा तथा पशु प्रजनन कार्यालयहरुको प्रयोगशालाहरुको सुधार तथा सुदृढिकरण गर्ने र प्रजननको लागि पालिएका राँगो साँढेहरुको उचित व्यवस्थापन गर्ने ।

११. सरोकारवालाहरुलाई संलग्न गराई चौमासिक तथा वार्षिक रुपमा समिक्षा गोष्ठी गर्ने ।

१२. कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन संयोग गरि प्रत्येक महिनाको मसान्त भित्र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

## ६. क्षेत्रीय पशु सेवा निर्देशनालयहरुको जिम्मेवारी:

१. कार्यक्रम सफलतपूर्वक सम्पन्न गर्न जिल्ला पशु सेवा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

२. जिल्लामा संचालित कार्यक्रमको निरीक्षण अनुगमन गरी सो को प्रतिवेदन चौमासिक रुपमा आवश्यक सुझाव सहित पशु उत्पादन निर्देशनालयमा पठाउने ।

३. कार्यक्रमको क्षेत्रगत रुपमा मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तयार पारी अनिवार्य रुपमा प्रत्येक महिनाको मसान्त भित्र पशु उत्पादन निर्देशनालमा प्राप्त हुने गरी पठाउने ।

## ७. पशु सेवा तालिम तथा प्रसार निर्देशनालयको जिम्मेवारी:

१. लाइसेन्स प्राप्त नभएका केन्द्रका प्राविधिकहरुको लागि राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरासंग समन्वय गरी तालिम संचालन गर्ने ।

२. कार्यक्रम अन्तर्गत प्रत्येक लट तालिमको प्रतिवेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।

३. तालिम प्राप्त सेवा प्रदायकहरुको प्रभावकारिता अध्ययन गर्ने ।

४. तालिम पाठयक्रम तथा सहभागी छनौट तथा तालिम विधिमा आवश्यक परिमार्जन गर्ने

५. अभियान कार्यक्रम अन्तर्गत सन्चालित तालिम कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तयार पारी अनिवार्य रुपमा प्रत्येक महिनाको मसान्त भित्र पशु उत्पादन निर्देशनालमा प्राप्त हुने गरी पठाउने ।

## ८. पशु उत्पादन निर्देशनालयको जिम्मेवारी:

- कार्यक्रमको कार्यविधी र निर्देशिका तयार गरी स्विकृत गराउने र कार्यान्वयनमा ल्याउने ।
- स्विकृत कार्यविधी र निर्देशिका अनुसार कार्यक्रम बजेट र अख्तियारी स्विकृत गराई सम्वन्धित कार्यालयहरुलाई पठाउने ।
- कार्यक्रम संचालन गर्न आवश्यक पर्ने मेशीनरी औजार सामाग्रीहरु खरिद गरी वितरण गर्ने गराउने ।
- कार्यक्रम कार्यान्वयन गर्न सम्वन्धित निर्देशनालय, विभाग, मंत्रालय र अन्य सरोकारवाला निकायहरु संग समन्वय गर्ने ।
- सन्चालित कार्यक्रमको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने तथा विभिन्न निकायबाट प्राप्त निरिक्षण प्रतिवेदन अनुसार सम्वन्धित निकायहरुलाई समय मै सुधारको लागि पृष्ठपोषण गर्ने ।
- कार्यक्रमको वार्षिक तथ्याङ्कहरु अध्यावधिक गरीसम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने गराउने ।
- कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण संयोग गरि हरेक महिनाको १ गते भित्र पशु सेवा विभागमा पुग्ने गरी पठाउने ।

## अनुसुची ३

## सेवा संचालन गर्ने प्रकृया

| कार्य | कार्यविधि | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|
| १ | सम्भावित गा.वि.स. हरुका स्थानिय निकाय, गै.स.स., सहकारी संस्था, उपभोक्ता समिति, पशुपालक समुह, जिल्ला पशु नश्ल सुधार समन्वय समितिको बैठकबाट सहकार्य संस्थाको छनौट गर्ने | जि.प.से.का., जिल्ला पशु नश्ल सुधार समन्वय समिति | १ दिन |
| २ | छनौट भएका सहकार्य संस्था तथा सामुदायिक पशु प्रजनन केन्द्र संचालन गरिने स्थानको स्थलगत निरीक्षण गरी आवश्यक विवरण तयार पार्ने | जि.प.से.का., जिल्ला पशु नश्ल सुधार समन्वय समिति | ७ दिन |
| ३ | छनौट भएका संचालक संस्थाहरुसंग द्विपक्षीय सम्झौता सम्पन्न गर्ने । | जि.प.से.का. | २ दिन |
| ४. | द्विपक्षीय सम्झौता अनुसार सम्वन्धित संस्थाले पशुपालन विषयमा कम्तिमा जे.टी.ए. तालिम प्राप्त गरि १५ दिने कृ.ग.तालिम लिएका इन्सेमिनेटरको ब्यबस्था गर्ने र यदी तालिम नलिएका प्राविधिकहरु भए पशु सेवा तालीम तथा प्रसार निर्देशनालय तथा राष्ट्रिय पशु प्रजनन केन्द्र मार्फत तालिम गराउने । | राष्ट्रिय पशु प्रजनन केन्द्र र तालिम तथा प्रसार निर्देशनालय | १५ दिन |
| ५. | नयाँ स्थापित पशु प्रजनन केन्द्रहरुमा निर्धारित नाप, नक्शा मापदण्ड अनुसार ७५% सरकारी अनुदान र २५% संचालक संस्थाको लगानीमा ट्रेभिज निर्माण गर्ने । | सम्वन्धित संस्था र जिल्ला पशु सेवा कार्यालय | १५ दिन |
| ६. | कृ.ग. सामाग्रीहरु जस्तै कन्टेनर, रेफ्री, ए.आइ गन, ग्लोव, सीथ, गमवुट, एप्रोन, रेकडिङ्गम कृ.ग. केन्द्रहरुलाई हस्तान्तरण गर्ने | पशु प्रजनन केन्द्र/जि.प.से.का. | ७ दिन |
| ७ | स्थानीय गाई, भैसीमा एककालिक कृ.ग. कार्यक्रम संचालन गर्न प्याकेज मै आवश्यक सामाग्रीहरु उपलब्ध गराई एककालिक कृ.ग. संचालन गर्ने । | जि.प.से.का. | निश्चित समयमा |
| ८ | सबै जि.प.से.का.बाट विशेष गरि स्थानीय गाईलाई लक्षित गरि कुनै खास मार्गमा घुम्ती कृत्रिम प्रजनन सेवा संचालन गर्ने | जि.प.से.का. | आवश्यक्ता अनुसार |
| ९ | कृ.ग.केन्द्र संचालन हुने स्थानका  अनियन्त्रित रुपमा पालिएका भाले पशुलाई सम्बन्धित निकाय तथा ब्यक्तिको समन्वयमा वन्ध्याकरण गर्न लगाउने । | कृ.ग.केन्द्र, जिल्ला पशु सेवा कार्यालय, स्थानिय निकाय | ३० दिन |
| १० | कृत्रिम गर्भाधान सेवा संचालनको लागि अभियान अन्तर्गत सबै कृ.ग.केन्द्रहरुलाई निशुल्क तरल नाइट्रोजन उपलब्ध गराउने । | जि.प.से.का. | आवश्यक भएको बेला |
| ११ | अभियान कार्यक्रम लगायत सम्पुर्ण कृत्रिम गर्भाधान कार्यको लागि आवश्यक मात्रामा चाहिने तरल नाईट्रोजन तथा जमेको विर्यको स्ट्र राष्ट्रिय पशु प्रजनन केन्द्र तथा प्रजनन कार्यालयहरुले जि.प.से.का.मार्फत सबै कृ.ग.केन्द्रहरुलाई | रा.प.प्र.केन्द्र, पशु प्रजनन कार्यालयहरु | आवश्यक्ता अनुसार |

| | | | |
|---|---|---|---|
| | नियमित रुपमा उपलब्ध गराउने । | | |
| १२ | जिल्लामा संचालित प्रत्येक कृत्रिम गर्भाधान केन्द्रले कृत्रिम गर्भाधानको नियमित अभिलेख राखी महिनाको मसान्त भन्दा २ दिन अगाडी नै प्राप्त हुने गरी अनिवार्य रुपमा सम्बन्धित जि.प.से.का. मा प्रगति पठाउने । | कृत्रिम गर्भाधान केन्द्रहरु | महिनाको एक पटक |
| १३ | जि.प.से.का.हरुले प्रत्येक महिनाको मसान्त भन्दा १ दिन अगावै अगाडी नै प्राप्त हुने गरी प्रत्येक कृ.ग.केन्द्रको भिन्दा भिन्दै तथा एकमुष्ट मासिक, चौमासिक र वार्षिक प्रगति कम्पाइल गरी अनिवार्य रुपमा राष्ट्रिय पशु प्रजनन केन्द्र, पोखरा र सम्बन्धित क्षे.प.से.नि. मा पठाउने । | जि.प.से.का. | महिना १२<br>चौमासिक ३<br>अष्टमासिक १<br>बार्षिक १ |
| १४ | सम्बन्धित क्षे.प.से.नि.ले प्रत्येक जिल्लाको भिन्दा भिन्दै तथा एकमुष्ट मासिक, चौमासिक र बार्षिक प्रगति विवरण प्रत्येक महिनाको मसान्त भित्र अनिवार्य रुपमा प्राप्त हुने गरी पशु उत्पादन निर्देशनालय, हरिहरभवनमा पठाउने । | राष्ट्रिय पशु प्रजनन केन्द्र | महिना १२<br>चौमासिक ३<br>अष्टमासिक १<br>बार्षिक १ |
| १५ | प्रत्येक क्षे.प.से.नि.ले कार्यक्रम सफलतापुर्वक संचालन गर्न गराउन आफ्नो मातहतका जि.प.से.का. तथा साझेदार संस्थाहरुको सहकार्यमा संचालित कृत्रिम गर्भाधान केन्द्रहरुको अनुगमन, निरिक्षण तथा पृष्ठपोषण गर्ने र निरिक्षण तथा अनुगमनको क्रममा देखा परेका समस्या र समाधानका उपायहरु सहित पशु उत्पादन निर्देशनालयमा प्रतिवेदन पठाउने | क्षेत्रीय पशु सेवा निर्देशनालय | प्रत्येक चौमासिकमा कम्तिमा १ पटक |
| १६ | अभियान अन्तर्गत कृत्रिम गर्भाधानबाट जन्मेका वर्णशंकर भाले बाच्छा पाडाहरुको अभिलेख राखी केन्द्रीय गाई भैसी प्रबर्द्धन कार्यालयको नियमित कार्यक्रममा समाहित गरी राष्ट्रिय स्तरको नश्ल सुधार प्रयासमा आवद्ध गराउने । | केन्द्रिय गाई भैसी प्रजनन कार्यालय<br>राष्ट्यि पशु प्रजनन केन्द्र | आवश्यक्ता अनुसार |
| १७ | स्थानिय नश्लको गाई भैसीमा कुत्रिम गर्भाधान गराउने कृषकहरुलाई प्रोत्साहन स्वरुप युरिया मोलासेस मिनरल ब्लक तथा मौसम अनुसारको घाँसको विउको किट सम्वन्धित पशु प्रजनन कोषवाट वितरण गर्ने । | सामुदायिक कृत्रिम गर्भाधान केन्द्र | आवश्यक्ता अनुसार |
| १८ | जनचेतना अभिबृद्धिको लागि क्षेत्रीय स्तरमा अभिमुखीकरण तथा विभिन्न किसिमका पर्चा, पम्पलेट, लिफलेट, तथा स्थानिय एफ एमहरुबाट कार्यक्रमबारे प्रचार प्रसार गर्ने । | जि. प.से.का., प.उ. निर्देशनालय, राष्ट्रिय पशु प्रजनन केन्द | आवश्यकता अनुसार |
| १९ | जि.प.से.का. तथा कृ.ग. केन्द्रहरुले यस अभियान कार्यक्रम बारे कुनै किसिमको थप जिज्ञासा तथा अन्य कुनै जानकारी चाहिएको अवस्थामा यस कार्यक्रमको प्रमुख संयोजक राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरामा सिधा सम्पर्क राख्ने । | जि.प.से.का. र राष्ट्रिय पशु प्रजनन केन्द्र | आवश्यकता अनुसार |

द्रष्टव्यः यस कार्यविधीमा उल्लेख नभएको विषयहरुको हकमा पशु सेवा विभागको मापदण्ड, निर्देशिका तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसुची ४

## ट्रेभिज निर्माणको लागि नाप, नक्शा तथा मापदण्ड

१. ट्रेबिज निर्माण गर्न ठाउँको छनौट गर्दा वर्षैभरी मोटर जान सक्ने, सबैलाई पायक पर्ने, पानी नजम्ने हुनु पर्दछ ।

२. ट्रेबिज निर्माण गर्दा भूईको सतह अनिवार्य रुपमा कंकृट ढलान गरेको हुनु पर्नेछ ।

३. ट्रेभिजको पाइप २" मोटो फलामको हुनुपर्नेछ ।

४. ट्रेविजको नाप तोकिएको मापदण्ड अनुसार हुनेछ ।

अनुसुची ५

(दफा १० संग सम्वन्धित)

## एककालिक कृत्रिम गर्भाधान सेवा संचालन विधी

१. कुनै एउटा निश्चित पकेट क्षेत्रका १०० जिउ ऋतु चक्रमा नआउने तर प्रजनन योग्य स्वस्थ्य स्थानीय गाई/भैसी छनोट गर्ने ।

२. छनौट गरिएका सवै गाई/भैसीलाई जुका विरुद्धको १ डोज औषधि खुवाउने ।

३. जुकाको औषधि खुवाएको भोलीपल्ट देखि ७ दिन सम्म लिवर टाँनिक र २० दिनसम्म मिनरलको चक्की खुवाउने ।

४. यो उपचारको क्रममा ऋतु कालमा आउने पशुलाई उचित समयमा जिल्लाको घुम्ती कृ.ग. टोलीले इन्सेमिनेट गर्ने ।

५. ११ दिनभित्र बाली नखोज्ने गाईलाई हर्वल हिट इन्ड्युसर औषधि खुवाउने ।

६. २० दिनभित्र बाली खोज्ने गाईलाई उचित समयमा इनसेमिनेट गर्ने ।

७. २० दिनभित्र समेत वाली नखोज्ने पशुलाई पुनः एकचोटी हर्वल हिट इन्डयुसर खुवाउने ।

८. २५ दिन पश्चात समेत बाली नखोज्ने पशुहरुलाई हार्मोनको सुई (PGF2α) लगाउने । बिज्ञको सिफारिस अनुसार अन्य हार्मोन समेत उपयोग गर्न सकिन्छ ।

९. २४, ४८, ७२ घण्टा वा आबश्यकता अनुसार ५ दिन सम्म सम्बन्धित क्षेत्रमा गई बाली खोज्ने पशुलाइ कृत्रिम गर्भाधान गर्ने ।

## अनुसुची ६

## (दफा १० संग सम्वन्धित)

## घुम्ती सेवा कार्यक्रम संचालन कार्यविधि

१. यस कार्यको लागि जिल्लामा भएका भौतिक साधनहरुको प्रयोग गर्ने ।

२. घुम्ती सेवा संचालन गर्ने प्रत्येक जिल्लाले एउटा निश्चित मार्ग निर्धारण गर्ने ।

३. उक्त मार्गमा आवश्यक्ता अनुसारको ट्रेभिज निर्माण गर्ने ।

४. प्रत्येक दिन एउटा निश्चित समयमा ए आइ सामाग्री लिएर निर्धारित मार्गमा तथा माग भएको स्थानमा जाने

५. ऋतुकालमा आएको पशुहरुलाई घुम्ती सेवा उपलब्ध हुने स्थानमा जम्मा गर्न लगाई कृत्रिम गर्भाधान गर्ने ।

६. घुम्ती सेवाको लागि इन्धन तथा दैनिक भ्रमण भत्ता को खर्च सम्वन्धित जिल्ला पशु सेवा कार्यालय/ सामुदायिक पशु प्रजनन कोषले व्यहोर्ने ।

## अनुसुची ७

## (दफा १२ सगं सम्वन्धित)

## पशु प्रजनन केन्द्र स्थापना गर्न चाहने संस्थाले सम्फौता पूर्व उपलब्ध गराउनु पर्ने विबरणहरु

१ स्थानिय निकाय/संस्थाको नामः-

२ ठेगानाः-

३ पशु प्रजनन केन्द्र र ट्रेभिज राख्ने स्थानः-

४ सम्वन्धित गा.वि.स.को गाई भैसीको तथ्यांङ्क

| पशुको जात | कुल जम्मा | स्थानिय नश्ल | उन्नत नश्ल | बाच्छी /पाडी (२०महिना मुनी) |
|---|---|---|---|---|
| गाई | | | | |
| भैसी | | | | |

५ सेवा प्रदायक (इन्सेमिनेटर) को नामः-

६ ठेगानाः-

७ पशुपालन जे.टी.ए. पास गरेको साल :-

८ प्राविधिक शिक्षालयको नामः-

९ जे.टी.ए. तालिमको लब्धाङ्क-पत्र

१० जे.टी.ए. तालिमको प्रमाण-पत्र

११ कृत्रिम गर्भाधान तथा पशु प्रजनन तालिम लिएको प्रमाण-पत्र

१२ नेपाली नागरिकताको प्रतिलिपी

१३ अनुभवको प्रमाण-पत्र केही भए

१४ इन्सेमीनेटर भई कार्य गर्न संस्थासंग भएको सम्झौताको प्रतिलिपी

१५ सामुदायिक पशु प्रजनन कोषको खाता संचालन गरिने बैंकको नाम र खातावालाहरुको नामः-

## अनुसुची ८

## (दफा १२ संग सम्वन्धित)

## सामुदायिक पशु प्रजनन केन्द्र संचालन गर्न संस्था संग गरिने सम्झौता पत्रको नमुना

पशु सेवा विभाग/पशु उत्पादन निर्देशनालयद्धारा जिल्ला पशु सेवा कार्यालय ..........................मार्फत संचालन गरिने चालु आ.व. २०६.../०७... को स्विकृत पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम अन्तर्गत जिल्ला पशु सेवा कार्यालय.................(यसपछि पहिलो पक्ष भनिएको) र श्री........................................... (यसपछि दोश्रो पक्ष भनिएको) विच तपसिलका शर्तनामाहरु मञ्जुर भई सामुदायिक पशु कृत्रिम गर्भाधान केन्द्र स्थापना गरी कार्यक्रम सम्पन्न गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

तपसिल

(१) यो कार्यक्रम विशेष गरी स्थानीय नश्लको गाई भैसीको नश्ल सुधारको लागि संचालन गरिने छ ।

(२) कार्यक्रम संचालनको लागि अथवा सामुदायिक पशु प्रजनन केन्द्र स्थापना र ट्रेभिज निर्माणको लागि आवश्यक जग्गा वा स्थानको ब्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्ने छ ।

(३) ट्रेभिज निर्माण कार्यको लागि प्रथम पक्षले कुल खर्चको अथवा विनियोजित ७५% बजेटको परिधिभित्र रही अनुदान स्वरुप दुई किस्तामा उपलब्ध गराउने छ तथा बाँकी रकम दोश्रो पक्षले बेहोर्नु पर्नेछ ।

(४) कार्यक्रमको लागि चाहिने कन्टेनर, रेफ्री, ए आइ गन, गमबुट, सिथ, ग्लोव, एप्रोन एक पटकको लागि प्रथम पक्षले अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

(५) कृत्रिम गर्भाधान कार्य गर्न लाइसेन्स प्राप्त वा कम्तीमा पशुपालन विषयमा जे.टी.ए. उपाधि हासिल गरेका वा CTEVT बाट Skill test (पशु पालन) उतीर्ण भई जे.टि.ए.स्तर मान्यता प्राप्त प्राविधिकको ब्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्नेछ ।

(५) दिगोरुपमा कार्यक्रम संचालनको लागि सम्वन्धित संस्था दोश्रो पक्षले एउटा सामुदायिक पशु प्रजनन कोष स्थापना गर्नुपर्नेछ । जुन कोषमा प्रथम पक्षले समेत रु ............../- अनुदानको रुपमा उपलब्ध

गराउनेछ र सोही बराबर रकम दोश्रो पक्षले समेत जम्मा गर्नुपर्नेछ तथा अन्य सहयोगी निकायबाट समेत सहयोगको लागि आवश्यक पहल गर्नुपर्नेछ

(६) प्रथम पक्षले अभियान कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधानको लागि चाहिने खर्चहुने सामानहरु नाइट्रोजन, सीथ ग्लोव निशुल्क उपलब्ध गराउने छ। तर सिमेन स्ट्र वापत रु २५ राजश्व बुझाउनु पर्नेछ।

(७) दोश्रो पक्षले सेवा प्रदान गर्दा वर्णशंकर पशुको हकमा कृत्रिम गर्भाधान शुल्क रु................/- मात्र लिनपाउने छ । जसको कम्तीमा २० प्रतिशतको दरले हुन आउने रकम रु................../- मात्र सामुदायिक पशु प्रजनन कोषमा दाखिला गर्नुपर्नेछ । तर स्थानीय नश्लको पशुहरुलाई निशुल्क कृत्रिम गर्भाधान गर्नुपर्नेछ ।

(८) स्थानीय गाई भैसीमा कृत्रिम गर्भाधान गराए वापत सम्वन्धित किसानलाई प्रोत्साहन स्वरुप युरीया मोलासेस ब्लक र मौसम अनुसारको घाँसको विउको किट, पशु प्रजनन कोषबाट दोश्रो पक्षले स्वयं उपलब्ध गराउने छ।

(९) दोस्रो पक्षले नियमित रुपमा सम्पुर्ण कार्यक्रमहरुको अभिलेख रजिष्टर खडा गरी ब्यबस्थित तवरले राख्नुपर्नेछ ।

(१०) कार्यक्रमको मासिक रुपमा प्रगति प्रतिवेदन निर्धारित ढाँचामा दोश्रो पक्षले प्रथम पक्षलाई अनिवार्य रुपले बुझाउनुपर्ने छ ।

(११) कुनै कारणबश कार्यक्रम संचालन हुन नसके अथवा कृत्रिम गर्भाधान केन्द्र बन्द हुन गएमा प्राप्त सम्पुर्ण सामाग्रीहरु प्रथम पक्षलाई फिर्ता गर्नुपर्नेछ ।

(१२) यस सम्झौतामा उल्लेख नभएको अन्य ब्यहोराको हकमा प्रचलित कानुन बमोजिम अथवा दुई पक्षको आपसी सहमति अनुरुप हुनेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

अनुसुची ९

(दफा ९, १२ र १४ संग सम्वन्धित)

**अनुगमनको ढाँचा**

(१) जिल्लाः-

(२) सामुदायिक पशु प्रजनन केन्द्रको नाम र ठेगानाः-

(३) संचालक संस्थाको नाम र ठेगानाः-

(४) सेवा संचालन भएको साल र महिनाः-

(५) सेवा प्रदायकको नाम र तालिम लिएको सालः-

(६) सामुदायिक पशु प्रजनन कोष स्थापना भएको साल र महिनाः-

(७) सामुदायिक पशु प्रजनन कोष आम्दानी विवरण

जिल्ला पशु सेवा कार्यालयबाट प्राप्त रकमः-

सहकार्य संस्थाबाट प्राप्त रकमः-

अन्य संस्थाहरुबाट प्राप्त रकमः-

सेवा शुल्कबाट (२०%) रकमः-

कुल जम्मा रकम रु.-

(८) सामुदायिक पशु प्रजनन कोष खर्च विवरण

स्थानीय पशुलाई सेवा प्रदान गरे वापत सिमेन खर्च रु.

सेवा उपयोग वापत प्रोत्साहन खर्च रु.

हाल सम्मको जम्मा खर्च रु.

कोषमा बाँकी मौज्दात रकमः-

(९) सामुदायिक पशु प्रजनन कोषबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृषक संख्याः-

(१०) सामुदायिक पशु प्रजनन कोषमा रकम सहयोग गर्ने अन्य संस्थाहरुको नाम र सहयोग रकमः-

(११) कृत्रिम गर्भाधानको अभिलेख

| | **सेवा प्रदान गरिएको गाईको संख्या** | | | **सेवा प्रदान गरिएको भैसीको संख्या** | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय | वर्णशंकर | जम्मा | स्थानीय | वर्णशंकर | जम्मा | कुल जम्मा |
| गत महिना सम्मको | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यसमहिनाको | | | | | | | |
| जम्मा | | | | | | | |

(१२) हाल सम्म जन्मेको बाच्छी/पाडी अभिलेख

| | **बाच्छी संख्या** | | | **पाडी संख्या** | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय | वर्णशंकर | जम्मा | स्थानीय | वर्णशंकर | जम्मा | कुल जम्मा |
| गत महिना सम्ममा | | | | | | | |
| यस महिनामा | | | | | | | |
| जम्मा | | | | | | | |

(१३) हाल सम्म जन्मेको बाच्छा/पाडा अभिलेख

| | **बाच्छा संख्या** | | | **पाडा संख्या** | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय | वर्णशंकर | जम्मा | स्थानीय | वर्णशंकर | जम्मा | कुल जम्मा |
| गत महिना सम्ममा | | | | | | | |
| यस महिनामा | | | | | | | |
| जम्मा | | | | | | | |

(१४) अन्य सुझाव केही भए:-

निरीक्षण कर्ताको नाम:- सेवा प्रदायक वा संचालकको नाम:-

पद हस्ताक्षर

निरीक्षण मिति:- मिति